# प्रहरी कल्याण कोष, नक्साल

## मौजुदा सूचीमा दर्ता गराउने सम्बन्धी सूचना

यस कोषलाई आ.व.२०८२।०८३ को लागी आवश्यक पर्ने तपशिलमा उल्लेखित समूहका सामानहरु खरिद गर्नका लागी सूची दर्ता अद्धावधिक गर्नुपर्ने भएकोले उक्त सामानहरु सप्लाई गर्न ईच्छुक ईजाजत प्राप्त एंव कुनै कसुर नलागेका तथा कालो सूचिमा नपरेको फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम छुट्टाछुट्टै सूची दर्ताको लागी संस्था वा फर्म दर्ताको प्रमाणपत्र (नविकरण गरिएको) स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र सुचिकृत हुन चाहेको बिषयमा आवश्यकता अनुसारको व्यवसायिक इजाजत पत्र सहित सार्वजनिक खरिद नियमावली २०६४ अनुसूची (२) 'क' बमोजिमको ढाँचामा निवेदन संलग्न गरी कालो सूचिमा नपरेको स्वघोषणा पत्र समेत पूर्ण ठेगाना, सम्पर्क व्यक्ति, सम्पर्क नम्बर प्रष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२।०४।१५) गते कार्यालय समय भित्र दरखास्त दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

**निम्न:-**

१. मेडिसिन र मेडिकल ईक्युपमेण्ट भ्याक्सीन,
२. किचन तथा क्याटरिङका सामाग्री,
३. स्टेशनरी, मसलन्द तथा कार्यालयका सामान,
४. ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्स सामान,
५. प्लम्बिङ, सेनिटरी तथा हार्डवयेरका सामान,
६. सवारी साधन,
७. सवारी साधनका पार्टपूर्जा, डेन्टपेन्ट, ब्याट्रि,
८. जेनेरेटर तथा जेनेरेटर पार्टस,
९. विभिन्न लत्ता कपडा, पोशाक र पोशाकसँग सम्बन्धित सामान,
१०. सञ्चारका सामान तथा पार्टपूर्जा,
११. कम्प्युटर, फोटोकपी, प्रिन्टर, सोको पार्ट तथा मर्मतका सम्बन्धित सामान,
१२. लाउण्ड्री, खेलकुद, हजाम, पूजाका सामाग्री, टेलरिङ सोभनियका सामान,
१३. छपाई तथा विज्ञापन सम्बन्धी,
१४. साँस्कृतिक कार्यक्रमसँग सम्बन्धित सामाग्री,
१५. विविध निर्माण तथा मर्मत सम्बन्धि सामान,
१६. फर्निचर सम्बन्धित सामान,
१७. विभिन्न मेशिनरीका सामान समेत।

**अन्य जानकारी:-**

१. माथि उल्लेखित सामानको विषयगत रुपमा छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ, एकै निवेदनमा एक भन्दा बढी बिषय समावेश निवेदन उपर कुनै कारवाही हुने छैन।
२. आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा तोकिए बमोजिम नभई रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन।
३. संलग्न गर्नु पर्ने प्रत्येक् कागजातहरु छुट्टाछुट्टै पेजमा फोटोकपी गरी प्रमाणित (नोटरी पब्लिक) गराएको हुनुपर्ने, एके पेजमा एक भन्दा बढी कागजात संलग्न गरिएका स्वीकार्य हुने छैन।
४. सूचिकृत भएका कम्पनी वा फर्महरुले संतोषजनक सामान आपुर्ति नगरेको खण्डमा सूचिबाट हटाउन सकिने छ।
५. प्राप्त दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहनेछ।
६. यस सूचनामा नभएको अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन।


**नेपाल प्रहरी प्रधान कार्यालय**
**कल्याण महाशाखा, नक्साल, काठमाण्डौ**
**ईमेल: phqwelfare_ac@nepalpolice.gov.np**
**सम्पर्क नं. ९८५१२९४५२४, ०१४४११२८३, ext.२५०**


सुचना प्रकाशन मिति:२०८२।०४।०१ गते।